# स्थानीय राजपत्र

लामिडाँडा गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड २ | संख्या ३ | मिति: २०७५/०९/०५ |
|---|---|---|

भाग २

## रावा बेसी गाउँपालिका

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ बमोजिम रावा बेसी गाउँपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ।

## रावा बेसी गाउँपालिका कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

प्रस्तावनाः

कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि खाद्यान्न उत्पादन तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, सिंचाइ, कृषि प्रसार कार्यको व्यवस्थापन, संचालन र नियन्त्रण गर्नेजस्ता जिम्मेवारी स्थानीय तहमा रहेको रावा बेसी गाउँपालिकामा संविधान र स्थानीय सरकार संचालन ऐन द्वारा व्यवस्था भएको,संविधान र कानून प्रदत अधिकार र जिम्मेवारीलाई स्थानीय वस्ति रटोलस्तरमा रहेका कृषक, कृषक समूह एवं संस्था लगायतका सरोकारवालाहरुसंगको समन्वय, सहभागिता र संलग्नतामा कृषि कार्यक्रम संचालन व्यवस्थापनका लागि स्थानीय नीति, ऐन, कानून योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका साथै मापदण्ड र गुणस्तर निर्धारणको प्राप्त जिम्मेवारी र त्यसको अनुगमन, नियमन र नियन्त्रणको प्रणालीगत विकासका साथै संस्थागत गर्न, कृषि विकास गतिविधिलाई लैङगिक, वातावरणमैत्री एवं जलवायू परिवर्तन अनुकूलन, समानुपातिक र समावेशी वनाइ योजना प्रणालीमा मूलप्रवाहिकरण गर्न, गाउँपालिका क्षेत्रभित्र रहेका कृषक, विशेष गरेर सीमान्तकृत र विपन्न कृषकका आवस्यकता र प्राथमिकतालाई सहभागितात्मक योजना तर्जुमा प्रकृया अवलम्बन गरी एकिकृत र समन्वयात्मक रुपमा सम्बोधन, संचालन र व्यवस्थापन गर्न, नगरपालिकामा कृषि कार्यक्रमलाई संस्थागत रुपमा विकास गर्न, कृषक वा कृषक समूहको उपलब्ध सेवा र सुविधामा सहज पहुँच बढाउन सम्बद्ध कृषकलाइ ज्ञान, सूचना तथा प्रविधिको प्रचार र प्रसारका माध्यमबाट सम्बद्ध सरोकारवाला सबैको साथै कृषकको क्षमता विकास गर्न एवं समग्र उत्पादन र उत्पादकत्व बृद्धि गर्न,गाउँपालिकालाई गुणस्तरिय सेवा प्रदान गर्न, कृषक र उपभोक्तालाई कृषि सामग्रीको उचित मुल्य प्राप्तिका लागि सहजिकरण, नियमन र नियन्त्रण गर्न,कृषि क्षेत्रमा सरकारी, निजी, सहकारी र वित्तीय संस्थाहरुबाट लगानी परिचालन गरी व्यवसायिकरण र बजारीकरणका माध्यमबाट रोजगारी र आयमा बृद्धि गर्न, खाध्य सुरक्षा र संप्रभुताको अधिकार कायम गर्न गराउने कार्यमा योगदान एवं सहयोग पुरयाउने कार्यलाई व्यवस्थित गर्न समेत आवस्यक देखिएकोले स्थानीय सरकार संचालन ऐनको दफा १०२ को अधिनमा रही रावा बेसी गाउँपालिकाले कार्यविधि वनाई रावा बेसी गाउँपालिकाले जारी गरेको छ ।

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

परिच्छेद १

## १. संक्षिप्त नाम र प्रारम्भ:

क.यस कार्यविधिको नाम" रावा वेसी गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५" रहेको छ

ख. प्रस्तुत कार्यविधि बेलका गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि नै लागु हुनेछ ।

## २. परिभाषा:

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "प्रमूख" भन्नाले रावा बेसी गाउँपालिका को गाउँपालिका प्रमूख सम्झनु पर्छ।

ख) "उपप्रमुख" भन्नाले रावा बेसी गाउँपालिकाउप-प्रमुख सम्झनु पर्छ ।

ग) " ऐन" भन्नाले रावा बेसी गाउँपालिकाकृषि तथा पशुपंक्षी ऐन २०७५ लाई बुझाउँछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले रावा वेसी गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ) " कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।

च) "गाउ कार्यपालिका" भन्नाले रावा वेसी गाउ कार्यपालिका सम्झनु पर्छ ।

छ) "कार्य विधि" भन्नाले "**रावावेसीगाउँ**पालिका कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५" लाइ सम्झनु पर्दछ ।

ज) "कृषि/कृषि क्षेत्र" भन्नाले जीवन धान्न (sustain) र विकास/बृद्धि (growth) का लागि आवश्यक खाना (food), रेशा (fiber), जैविक उर्जा (biofuel), जडिबुटि (medicinal plants) ,व्यवसायिक (commercial) र अन्य बस्तु (other products) उत्पादन गर्न प्रयोग गरीने वीरुवा (plants),पशुपन्छि (animals) (माछा समेत) र ढुसी/च्याउजात (fungi) को खेती (cultivation) वा पालन (husbandry) र प्रजनन (breeding) सम्बन्धि कार्य वा क्षेत्र भन्ने बुझाउंदछ । यसमा उत्पादन गर्नका लागि आवश्यक कृषि सामग्री, सिंचाई, यन्त्र, उपकरण, प्राविधिक सेवाटेवा र उत्पादित बस्तुहरुको भण्डारण र बिक्रि बितरणको व्यवस्थापन समेत पर्दछन् ।

झ) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संगलग्न कृषक, उद्धमी र ब्यबसायी भन्ने बुझाउँदछ ।

ञ) "गाउँपालिका" भन्नाले रावावेसी गाउँपालिका सम्झनु पर्छ

ट) "गाउँसभा" भन्नाले रावावेसी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ठ) "पदाधिकारी" भन्नाले रावा वेसी गाउँ कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य तथा वडा सदस्य समेतलाई सम्झनु पर्छ ।

ड) "प्रदेश" भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको १ नं. प्रदेश सम्झनु पर्दछ ।

ढ) "बिषयगत शाखा" भन्नाले रावा वेसी गाउँपालिकामा कृषि तथा पशुपंक्षी क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सिकाइ केन्द्रलाई जनाउँदछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि रावा वेसी गाउँपालिकामा स्थापना भएका शाखा वा इकाई समेत जनाउँदछ।

ण) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपंक्षी विषय हेर्ने नेपाल सरकारको संघीय मंत्रालय सम्झनु पर्छ । यस शब्दले कृषि तथा पशुपंक्षी बिषय हेर्ने प्रादेशिक मंत्रालयलाई समेत जनाउँदछ ।

त) "योजना" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

थ) "वडा" भन्नाले रावावेसी गाउँपालिकाको वडालाई सम्झनु पर्छ ।

द) "वडाअध्यक्ष" भन्नाले रावा वेसी गाउँपालिकाको वडाका अध्यक्ष सम्झनु पर्छ ।

ध) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) धारा २२३को उपधारा(४) बमोजिमको रावा बेसी गाउँपालिकावडा समिति सम्झनु पर्छ ।

न) "सदस्य" भन्नाले,

(१) गाउँपालिकाकोसम्बन्धमा रावावेसी गाउँसभा वा गाउँकार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शव्दले गाउँसभा वा गाउँकार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(२) कृषि तथा पशुपंक्षी समितिको सम्बन्धमा रावावेसी गाउपालिकामा कृषि तथा पशुपंक्षी कार्यक्रम संचालन र व्यवस्थापन गर्न गाउँपालिकामा गठन भएको कृषि तथा पशुपंक्षी विकास समिति तथा उप समितिका संयोजक, उप संयोजक तथा सदस्य समेतलाई जनाउँछ ।

ऩ) "समिति" भन्नाले यस कार्यविधिमा व्यवस्था भए अनुसार रावा वेसी गाउँपालिकामा गठन भएको कृषि तथा पशुपंक्षी विकास समिति तथा उपसमितिलाई जनाउँदछ ।

प) "संविधान" भन्नाले नेपालको संविधानलाइ सम्झनु पर्दछ ।

फ) "संघ" भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्दछ।

ब) "स्थानीय तह" भन्नाले रावा वेसी गाउँपालिकालाई सम्झनु पर्दछ ।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

परिच्छेद २

## ३.कृषि तथा पशुपंक्षी कार्यक्रम संचालन र व्यवस्थापनका लागि संस्थागत संरचना:

क) रावा वेसी गाउँपालिकाले आफ्नो क्षेत्रको आवस्यकता र प्राथमिकता अनुसार आफ्नो क्षेत्र भित्र कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि आफ्नो कार्यविभाजन नियमावली बमोजिमको कार्य संचालन गर्न गराउनमा सहयोग पुरयाउन कृषि तथा पशुपंक्षी शाखा स्थापना गरी संचालन हुनेछ। त्यस्तै वडा वा सिकाइ केन्द्रस्तरमा समेत कृषि तथा पशुपंक्षी कार्यक्रम संचालन व्यवस्थापन गर्न आवस्यक प्राविधिक सेवा पुर्याउन सहजीकरणका लागि कृषि तथा पशुपंक्षी शाखाको स्थापना गरिने छ ।

ऊक्त शाखाको काम, कर्तव्य र जिम्मेवारी गाउँपालिकाले पारित गरेको कार्य बिभाजन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

ख) उक्त शाखा तथा वडा वा सिकाइ केन्द्रमा कति स्थायी र करारका कर्मचारी रहने छन भन्ने बिषयमा गाउँपालिकाले पारित गरेको संगठन संरचना अनुसार हुने छ ।

ग) गाउँपालिका क्षेत्रमा संविधान र ऐन द्वारा निर्धारण गरेका कृषि तथा पशुपंक्षी सम्बन्धी कार्य जिम्मेवारी सम्पादनमा सहयोग पुरयाउन र कृषि तथा पशुपंक्षी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन गाउँपालिकाले पारित गरेको कार्य विभाजन नियमावलीको अधिनमा रही गाउँपालिकाकोकुनै सदस्यको संयोजकत्वमा निम्नानुसारका सदस्यरहेका देहाय बमोजिमको कृषि तथा पशुपंक्षी विकास समिति गठन गर्ने।

### ३.१ कृषि तथा पशुपंक्षी विकास समितिको गठन

**क) गाउँपालिका स्तरीय कृषि विकास समिति:**

१. गाउँपालिकाका प्रमुख -संयोजक
२. वडा स्तरीय कृषि विकास समितिको सयोजकहरू - सदस्य
३. गाउ कार्यपालिकाले तोकेको गाउँपालिका को महिला सदस्य - सदस्य
४. गाउँपालिकाले तोकेको गाउँपालिकाका दलित वा अल्पसंख्यक बाट - सदस्य
५. गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सदस्य
६. गाउँपालिका भित्रका कृषि उद्धयोगि, व्यवसायी र एग्रोभेट मध्येबाट पालिकाद्वारा मनोनित एक जना प्रतिनिधि - सदस्य



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

७.गाउँपालिका अन्तर्गत रहेको वित्तीय एवं कृषि सहकारी संस्थाबाट गाउँपालिकाद्वारा मनोनित एक जना प्रतिनिधि - सदस्य

८. गाउँपालिकाकोआर्थिक बिकास समितिका संयोजक - सदस्य

९. गाउँपालिकाका पशु सेवा शाखाका प्रमुख - सदस्य

१०. गाउँपालिका भित्रको कृषक समूह महासंघको प्रतिनिधि - सदस्य

११. गाउँपालिका भित्र रहेका महिला कृषक समूह मध्ये बाट मनोनित - सदस्य

१२. गाउँपालिकाकोकृषि शाखाका प्रमुख - सदस्य सचिव

*नोट: बिषय विशेषज्ञ वा कृषि सम्बन्धि ज्ञान र सीप भएका व्यक्तिलाइ आवस्यकतानुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।*

**ख) वडा स्तरीय कृषि विकास समिति**

गाउँपालिकाकोवडा तहमा कृषि र पशुपंछी सेवा विकासमा सहयोग तथा समन्वयका लागि देहाय बमोजिमको **कृषि तथा पशुपंक्षी विकास समिति**को गठन गरिनेछ:

१. वडा अध्यक्ष वा निजले तोकेको कुनै अन्य सदस्य - संयोजक

२. वडाको दलित महिला सदस्य - सदस्य

३. वडाका सचिव - सदस्य

४. वडास्तरमा कृषि सम्बद्ध गैर सरकारी संस्थाका प्रतिनिधी - सदस्य

५. वडामा कार्यरत उत्कृष्ट कृषक समूह मध्ये भेलाबाट छनौट भएका महिला कृषक प्रतिनिधि - सदस्य

६. वडा स्थित कृषि सहकारी प्रतिनिधि - सदस्य

७. वडा स्थित कृषि वा पशु सेवा कर्मचारी मध्ये जेष्ट ब्यक्ति - सदस्य -सचिव

*नोट: वडा भित्रका उत्कृष्ट कृषक, विशेषज्ञ वा कृषि सम्बन्धि ज्ञान र सीप भएका व्यक्तिलाइ आवस्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।*

क) उपरोक्त समितिहरु पारित भएको मितिले एक महिना भित्र सबै पद पुर्ति भइ कार्य सुचारु गर्नु पर्ने छ ।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ख) समितिहरुले अफ्नो आन्तरिक कार्यविधि आफै बनाइ कार्य सुचारु गर्ने छन र आवस्यकतानुसार बैठक बस्ने छ तर कम्तिमा पनि वर्षको तीन पटक समितिको बैठक अनिवार्यरुपमा बस्नु पर्ने छ ।

ग) उपरोक्त समितिहरुमा राजिनामा पेश गरी वा अन्य कुनै किसिमले रिक्त हुन आएमा जसरि शुरुमा नियुक्ति भएको हो सोही प्रकृया पुरयाइ पद पूर्ति गर्ने व्यवस्था गरिनेछ

## परिच्छेद ३

### कृषि तथा पशुपंक्षी विकास समितिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व:

१. संस्थागत सुदृढिकरण कार्य:

क) समूह र संस्था गठन र परिचालन:

प्रत्येक वडाकार्यालय अन्तरगतका बस्ति/टोलमा आवस्यकतानुसारका व्यवसायिक कृषक समूह तथा टोल बिकास संस्था गठन गर्न प्रोत्साहित गर्ने। यसरि समुह गठन गर्दा महिला, पुरुष वा मिश्रित जुन उपयुक्त हुन्छ सोही अनुसार समूहको गतिशिलता र व्यवहारिकता हेरी गठन गर्ने। सकेसम्म उत्पादन बिशेषका आधारमा समूह गठन गर्न उत्प्रेरित गर्ने। एउटा समूहमा एउटा परिवारको एउटा सदस्य मात्र राख्ने र एउटा समूहको व्यक्ति सकेसम्म अर्को समूहको सदस्यता नलिने गरि व्यवस्था गर्ने ।

कार्यपालिकाको बैठकबाट पारित भएको कृषि तथा पशुपंक्षी कार्यक्रम, कृषि तथा पशुपंक्षी समितीको निर्णय भए पस्चात मात्र नगरपालिका अन्तर्गतका कृषक सेवाग्राहीलाई सेवा तथा बस्तु बितरण गरिनेछ । साथै उक्त समितीले निर्णय गरेको बिषय लाई सम्बन्धिंत वडा कार्यालयको सहमति र सिफारिसमा सबै निकायले कार्य सम्पादन गर्नु पर्नेछ ।

क) विगतमा गठन भएका कृषक समुहको साथै संस्थाहरुको लगत तथा अभिलेख वडागत र कार्य प्रकृतिगत रुपमा अध्यावधिक(सुचिकृत) गरी राख्ने।

ख) समूह- समूह मिलेर अन्तरसमूह र सहकारी संस्थामा आवद्ध हुन समूहहरुलाई उत्प्रेरित गर्ने ।

ग) समूह वा संस्थालाई वडाको सिफारिसमा गाउँपालिकाको कार्यालयमा दर्ता समेत गरी राख्ने र अनुदान वा कृषि सामग्रिको माग संकलन र वितरणमा यी समूह वा संस्था परिचालित गर्ने ।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

घ) समूह वा संस्थाको विधान लगायत बैठक बस्ने, माइन्यूट राख्ने, बचत परिचालन गर्ने भए त्यसको विधि र प्रकृयामा समेत समितिले आवस्यक प्राविधिक सहयोग पुर्याउने।

ङ) कृषक समूह र संस्थालाई समूहको बिशेषतानुसारको तालिम, अवलोकन भ्रमण, प्रोत्साहन पुरुस्कार जस्ता कार्यक्रम संचालन गरी तिनको क्षमता विकासका साथै कार्यमा उत्प्रेरित समेत गराइ राख्ने ।

च) सरकारी वा गैरसरकारी तहबाट ती समूहलाई उपलब्ध गराइने श्रोत साधन, औजार, उपकरण, मल बिउ बिजन, बाख्रा, कुखुरा आदि बारे समेत पूर्व जानकारी दिई समयमै माग संकलन गर्ने ।

छ) समूह एवं संस्था मार्फत उन्नत विउ विजन उत्पादन स्थांनीयस्तरमा नै गर्ने कार्यक्रम संचालन गरी ती समूहहरुले उत्पादन गरेका बिउ बिजन बिक्री गर्न चाहेमा स्थानीय खरीद नीति तय गर्ने र उचित मुल्यमा खरिद कार्यको व्यवस्था समेत गरी कृषकलाई प्रोत्साहित गर्ने ।

**२. स्थानीय कृषि श्रोत व्यक्तिको रुपमा अनुभवी कृषक अगुवाको छनौट र संलग्नता:**

क) स्थानीय स्तरमा कृषि तथा पशुपंक्षी व्यवसाय कार्यमा व्यवहारिक ज्ञान आर्जन गरेका अनुभवी अगुवा कृषकहरुको ज्ञान, अनुभव र सीपलाई कृषक बाट कृषकमा व्यवहारिक रुपमा आदान प्रदान गर्न त्यस्ता उत्कृष्ट अनुभवी कृषकलाई समितिबाट छनौट गरी बिषयगत तालिम समेत प्रदान गर्ने

ख) यसरी तालिम प्राप्त उत्कृष्ट अनुभवी कृषकलाई कृषि प्रसार कार्यक्रममा संलग्न गराउने नीति लिने ।

ग) उत्कृष्ट अनुभवी कृषकलाई CTEVT बाट थप सीप आर्जनको अवसर समेत दिइ मान्यता दिने व्यवस्था गर्ने ।

घ) गाउँपालिका क्षेत्रमा बिभिन्न कृषक समूहमा तिनको आवद्धता जनाउने संस्थागत व्यवस्था गर्ने ।

ङ) किसान देखि किसान मा ज्ञानप्रसार गर्न स्थानीय भाषा तथा परिचित व्यक्तिबाट सीप, ज्ञान प्राप्त गर्न सहज, कम खर्चिलो र समयमा उपलब्धहुनका साथै दीगो समेत हुने देखिएकोले किसान देखि किसान कार्यक्रमलाई संचालन, व्यवस्थापन र प्रोत्साहित गर्ने नीति लिने ।

**३. स्थानीय एग्रोभेटको छनौट र संलग्नता:**



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

क) गाउँपालिका क्षेत्रमा निजी क्षेत्रको संलग्नता एवं पहुँच बढाउन स्थानीय नागरिकलाई एग्रोभेट को स्थापना गर्नका लागि प्रोत्साहन गर्न र तिनलाई आवस्यक तालिम र कृषि प्रविधी समेत प्रदान गर्ने ।

ख) गाउँपालिका मा एग्रोभेट दर्ता गराई विउ, विजन, औषधि, सा-साना कृषि उपकरण सहज उपलब्ध गराउने व्यवस्था गर्ने ।

४. **स्थानीय कृषि सहकारी संस्थाको परिचालन:**

क) गाउँपालिका क्षेत्रमा रहेका कृषि सहकारी कृषक समूहहरुको छुट्टै अभिलेख तयार गरि मासिक रुपमा अनिबार्य प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्नेछ । साथै उत्पादनमूलक, बजारमुलक, सेवामूलक र निकासी मूलक, बचत तथा कर्जा सहकारीमा बर्गिकरण गरी तिनलाई स्थानीय तहमा इजाजत दिन सिफारिस गरिने छ र तदनुसारका सेवा सहजरुपमा कृषकहरुलाई दिने गरी सहजीकरण गर्ने ।

ख) साथै उलेखित सेवा प्रदायकहरुले सम्पादन गरेको कामको अनुगमन समेत गर्नु पर्नेछ ।

ग) बार्षिक साधारण सभा, लेखा परीक्षण प्रदिबेदन र कार्य योजना सहित आर्थिक वर्ष सकिएको तिन महिना भित्र अनिबार्य पेश गर्नु पर्नेछ । अन्यथा नियमानुसार कारबाही हुनेछ ।

घ) गाउँपालिका अन्तर्गत सेवा प्रदायकको रुपमा कार्यरत कृषि सहकारी, समूह, उधमिको कार्य प्रकृति अनुसार उच्च स्तरको काम गरेको प्रदिबेदन तथा मूल्यांकनका आधारमा कृषि कार्यक्रमको कार्यान्वयनमा निरन्तरता दिन सकिनेछ ।

ङ) परिपक्क कृषक समूहलाई स्थानीय तह बाटै कृषक समूह परिचालन कार्यविधि निर्माण गरि प्रारम्भिक कृषक समूह लाई कृषक समुहमा दर्ता गर्ने अथवा कृषि सहकारीमा रुपान्तरण गर्ने कार्य सहकारी ऐन बमोजिम गर्ने ।

च) गाउँपालिका भित्र कृषि तथा पशुपंक्षी विकास सम्बन्धित कृयाकलाप संचालन गर्दा गाउँपालिका कार्यालयमा सुचिकृत भएको कृषि सहकारी र कृषक समूह तथा कृषि उधमिहरुलाई बिशेष प्राथमिकता दिईनेछ ।

५. **कृषि तथा पशुपंक्षीको थोक तथा खुद्रा व्यापार प्रबर्द्धन:**



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

क) रावा वेसी गाउँपालिकाले कृषि तथा पशुपक्षीको थोक र खुद्रा व्यापार प्रवर्द्धन गर्ने नीति लिइने छ र यसमा प्रदेश तथा संघीय सरकारको प्राविधिक तथा आर्थिक सहयोग समेत जुटाउने व्यवस्था गर्ने।

ख) कृषकले उचित मूल्य पाउने र उपभोक्तालाई पनि विचौलियाको जथाभावी मूल्यबाट जोगाउने मूल्य नीति तर्जुमा गरी लागु गर्ने ।

ग) गाउँपालिका क्षेत्रमा खाद्यान्न ,पशुजन्य उत्पादन तथा पशु हाट बजार, चिस्यान केन्द्र, राष्ट्रिय, अन्तरराष्ट्रिय निकासीको ब्यंवस्था समेत गर्न राष्ट्रिय /अन्तरास्ट्रिय बजार संग आबद्ध गराउने व्यवस्था गर्ने ।

घ) सरकारी क्षेत्रबाट मात्र यी कार्य संभव नहुने हुंदा सरकारी निजी र वित्तीय क्षेत्रको समन्वय र साझेदारीमा यस्ता कार्य अगाडि बढाउन नेपाल सरकार र प्रादेशिक सरकारले समेत सहजिकरणका लागी नगरपालिका मार्फत समन्वय स्थापित गर्न आवश्यक व्यवस्था गर्ने ।

**६. कृषि विद्यालय, कृषि इन्जिनियरिंग बिभाग र कृषि अनुसन्धान केन्द्रहरुको प्राविधिक सहयोग जुटाउने:**

क) स्थानीय वा निकटतम नगरपालिकामा CTEVT बाट सम्बन्धन प्राप्त कृषि बिद्यालयहरु संग दीर्घकालीन सम्बन्ध स्थापनाको व्यवस्था गर्ने ।

ख) बिद्यालयका विद्यार्थीहरुलाई कृषक समूह संग आबद्ध गराई प्रविधि स्थानान्तरणमा प्राविंधिक सहयोग पुरयाउनका लागि संस्थागत रुपमा ती बिद्यालयसंग साझेदारी सम्झौता गर्न मसौदा तयार गरी सम्बन्धित कार्यपालिकामा पेश गरी ती बिद्यालयको औपचारिक सम्बन्ध स्थापित गराउने कार्यमा सहयोग पुरयाउने।

ग) यस कार्यमा आवस्यक देखिए स्थानीय शिक्षा शाखालाई समेत आवद्ध गराई कार्य अगाडि बढाउनेव्यवस्था गर्ने ।

घ) त्यस्तै राष्ट्रिय एवं प्रादेशिक अनुसन्धान केन्द्रहरु संग पनि सहकार्यको लागी सहकार्यको ढाँचा तयार गरी स्वीकृत उन्नत प्रविधि र विउ विजनहरु कृषकको थलोमा प्रदर्शन गराउनका लागि सहजिकरणको व्यवस्था गर्ने।

ङ) इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गत कृषि इन्जिनियरिंग बिभागलाइ समेत सहयोग समन्वयका लागि आबद्ध गराउने ।

**७. कृषि तथा पशुपंक्षी प्रसारका अन्य कार्यक्रमहरु संचालन गर्ने:**



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

दिगो कृषि **तथा पशुपंक्षी** विकासका लागि गर्नु पर्ने कार्य र अपनाउनु पर्ने प्रक्रियाहरु तथा नयाँ वा आधुनिक प्रबिधिको प्रचार प्रसार गर्नका लागि अवलम्बन गर्नु पर्ने कृषि **तथा पशुपंक्षी** प्रसारका तरिकाहरु मार्गदर्शन अनुरुप गर्ने व्यवस्था गर्ने ।

**८. स्थानीय योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रकृया मा सहभागिता जनाउने:**

क) स्थानीय योजना तर्जुमा चरणको समयतालिकाका अधिनमा रही सहभगितामूलक समावेशी योजना तर्जुमा गर्न नगरपालिकालाई समग्र कृषि **तथा पशुपंक्षी** क्षेत्रको बजेट पूर्वानुमान, मार्गदर्शन र आगामी आर्थिक बर्षमा लिइने नीति समेत निश्चित समयमा स्थानीय कृषि **तथा पशुपंक्षी** विकास समितिले पेश गरी योजना प्रकृयालाई सघाउ पुर्याउने।

ख) कृषि **तथा पशुपंक्षी** विकास योजना संग सम्बद्ध नीतिगत निर्णय लिन गाउँपालिकालाई निम्न किसिमको प्राविधिक सहयोग पुरयाउने:

१. कृषि **तथा पशुपंक्षी** बिषयगत क्षेत्रको मध्यकालिन आवधिक योजना तर्जुमा गरी स्थानीय आवधिक योजनाको अभिन्न अंगको रुपमा मुलप्रवाहिकरण गर्ने र लगानी सुरक्षित गराउने कार्य;

२. कृषि **तथा पशुपंक्षी** बिषयगत क्षेत्रको मध्यकालिन संरचना तयार गरि कम्तिमा पनि प्राथमिकता प्राप्त योजना र कार्यक्रमका लागि लगानी सुरक्षित गराउने कार्य;

३. आवधिक योजनाको लक्ष, उद्देश्य र नीति तथा रणनीति बमोजिम बार्षिक योजना तर्जुमा गर्ने गराउने कार्य;

४. कृषि **तथा पशुपंक्षी** क्षेत्रमा संलग्न सबै सरोकारवालाको (कार्यक्रम सहयोग इकाई ) समन्वय बैठकको आयोजन गरी सरकारी, निजी, सहकारी तथा गैरसरकारी, वितिय संस्था एवं विकास साझेदारहरुको संलग्नतामा आगामी आ.ब.मा गरिने लगानीका लागि बजेट पुर्वानुमानको प्रक्षेपण तयार गरी रावा वेसी गाउँ कार्यपालिकामा समयमै प्रस्तुत गर्ने कार्य;

५. अन्य बिषयगत क्षेत्र संग समन्वय गरी स्थानीय तहको योजना प्रकृयामा मूलप्रवाहिकरण गर्ने कार्य;

ग) कृषि **तथा पशुपंक्षी** कार्यक्रम मुख्यतया कृषकको खेत बारीमा संचालन हुने हुनाले योजना तर्जुमा गर्दानै कृषकलाई के कस्तो प्राविधिक, आर्थिक वा वस्तुगत सहयोग



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

चाहिने हो त्यस्को स्पष्ट पहिचान गरी तदनुसार कार्य गर्न गराउन गाउँपालिकालाई आवस्यक सहयोग योजनाबद्ध ढंगबाट पुरयाउने व्यवस्था गर्ने ।

वडामा संचालन हुने कृषि **तथा पशुपंक्षी** कार्यक्रमलाई स्थानीय निजि उधमी कृषक समूह, सहकारी, अगुवा वा अन्य सरोकारवालाहरुसंग अन्तरकृया गरी देहाय बमोजिमको बर्गिकरणका आधारमा वडा समितिमा प्रस्तुत गर्ने:

१. स्थानीय कृषक समुह, संस्था, सहकारी संस्था, उपभोक्ता समूह, गैरसरकारी संस्था वा कृषकको आफ्नै श्रोतबाट संचालित हुने कार्यक्रम;

२. सम्बन्धित गाउँपालिकाकोलागत सहभागितामा संचालन हुने कार्यक्रम;

३. गाउँपालिकाकोआफ्नै श्रोतले संचालन हुने कार्यक्रम;

४. प्रदेश वा संघीय सरकारको अनुदानबाट संचालन हुने कार्यक्रम;

५. प्रदेश तथा संघीय सरकारबाट स्थानीय तहको समन्वयमा संचालन हुने कार्यक्रम;

६. विकास साझेदारसंगको सहकार्यमा संचालन हुने कार्यक्रम;

७. निजी क्षेत्रसंगको साझेदारीमा संचालन हुने कार्यक्रम;र

८. अन्य कुनै किसिमबाट संचालन हुने कार्यक्रम ।

## ९. कृषि तथा पशुपंक्षी क्षेत्र विकास विस्तार र प्रवर्द्धनात्मक कार्य:

### क) अनुभवी अगुवा किसान प्रवर्द्धन :

क) उधमी किसान तथा अनुभवी अगुवा किसानका लागि क्षमता विकासका कार्यक्रम संचालन गर्ने र तिनको सीप, ज्ञान र अनुभवलाई पहुँच नपुगेका कृषक सम्म पुरयाउन र

ख) यसरी स्थानीय सीप, ज्ञान र अनुभवलाई कृषक समक्ष पुरयाउन सम्बन्धित समितिले नर्म्स, मापदण्ड तथा ज्याला दररेटको सुझाउ सहित सम्बन्धित नगरपालिकामा पेश गर्ने र पारित गराई लागु गर्न गराउन सहयोग पुरयाउने ।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ख) उत्तम अभ्यासको संचार, सिकाई प्रबर्द्धन:

क) कृषि तथा पशुपंक्षी कार्यको उत्तम अभ्यासको आदान प्रदान, प्रचार प्रसारको (मेला, प्रदर्शनी, अवलोकन भ्रमण आदिको) आयोजना गर्ने;

ख) एक वडामा कम्तिमा ४ नमुना उत्पादन स्थलको प्रवर्द्धन गर्ने;

ग) व्यवसायिक कृषि र प्रविधि बारे र यस्को तुलनात्मक लाभको व्यापक प्रचार प्रसार गर्ने; र

घ) कृषि सूचना केन्द्र, इ-कृषिप्रविधि, सिकाई तथा ज्ञान केन्द्रको विकास बारे गाउँपालिकालाई राय सल्लाह दिने र आवस्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

ग) प्रांगारिक मल व्यवस्थापन:

माटो सुधार, प्रांगारिक पदार्थ व्यवस्थापन, प्रांगारिक एवं भर्मी कम्पोष्ट मल प्रवर्द्धन, दीगो कृषि विकास गतिविधि संचालन गर्ने ।

घ) तरकारी ,दलहन तथा मसाला खेति प्रवर्द्धन र विकास:

क) व्यवसायिक तथा बेमौसमी तरकारी खेति प्रवर्द्धन गर्न हरित गृह, प्लाष्टिक घरको प्रयोगमा व्यापकता दिने र स्थानीय परिस्थिति अनुसारका तरकारी खेति प्रोत्साहन गर्ने, तरकारी खेतिमा नवीनतम प्रविधिको जानकारी गराउने, स्थानीय तहमा सीप, प्रविधि, ज्ञान, अनुभवलाई हस्तान्तरण गर्ने; र

ख) स्थानीय संभाव्यतानुसार दलहन बालि,मसाला बालि,बगरे तरकारी,कुरिलो, च्याउ, सजीवन(मुन्गा),कन्दमुल, बदाम र बेमौसमी खेतिको प्रवर्द्धन र विकास गर्ने र बजारीकरण गर्ने ।

ङ) फलफूल खेतिको प्रवर्द्धन र विकास:

फलफूलको नर्सरी स्थापना, स्थानीय संभाव्यताका आधारमा च्युरी,आँप, लिची, केरा, कटहर, भुँइ कटहर,सुन्तला, कागति, जुनार, नास्पाति, अंगूर, किवी, एभोकाडो आदि जस्ता फलफूल खेतिलाई व्यावसायिक रुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुरयाउने ।

च) गैरकाष्ठ तथा जडिबुटी खेति प्रवर्द्धन:

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

स्थानीय संभाव्यताका आधारमा गैर काष्ठ उत्पादन (बाँस) , जडिबुटी (सिस्नु, अमला,हर्रो-बर्रो,पिप्ला,जैतुन,लेमंग्रास,तितेपाति,टिमुर,रिट्ठा आदि) खेतिलाई व्यावसायिक रुपमा प्रवर्द्धन गर्नुका साथै स्थानीयस्तरमा त्यसको प्रशोधन कार्य समेत गर्न गराउन सहयोग पुरयाउने ।

**छ) नगदे तथा विशेष वालीको व्यवसायिक खेति :**

ग) सघन धान खेति प्रविधि(SRI), उन्नत गहुँ,फिलुंगे,तिल,मकै, कोदो, फापर,आदिको प्रवर्द्धन र विकास गर्ने;

घ) नगदे बाली प्रवर्द्धन(चिया, कफि, अदुवा, बेसार, लसुन, प्याज,केशर, अलैची, उखु,केमोमाइल, मेन्था, सजीवन आदि)तथा व्यवसायिकरण सम्बन्धि कार्य गर्ने; र

ङ) उन्नत जातका विउ, बिजन उत्पादन तथा प्रवर्द्धन, नर्सरी स्थापना र सुदृढिकरण (खाधान्न,तेलहन,दलहन,तरकारी,भुइघास, डालेघास,फलफूल आदि) गर्ने गराउने ।

**ज) कृषि यान्त्रिकारण को व्यवस्थापन तथा परिचालन :**

कृषि सामाग्री( ट्रैक्टर,ट्रेलर,थ्रेसर,ह्यारो, रिपर, पम्प,लेभ्लर,प्लान्टर, प्लाष्टिक पाइप ,बडिजो क्यास्त्रेटर चिलिंग भ्याट,मिल्क क्यान ,कृत्रिम गर्भाधान सामाग्री आदि) को प्रदर्शन र सामुहिक रुपमा प्रयोगको लागि प्रोत्साहित गर्ने । यन्त्र उपकरण संचालन ,मर्मत तथा सम्भार तालिमको साथै पालिका स्तरमा मर्मत केन्द्र स्थापना गर्ने ।कृषि यान्त्रिकरण संचालन तथा व्यवस्थापन कार्यविधि अनुरुप प्रयोगमा ल्याउने ।

**झ) पशुपालन तथा व्यवसायीकरण:**

च) उन्नत जातका तथा व्यवसायिकरणका हिसाबले बढि तुलनात्मक लाभ दिन सक्ने बाख्रा, बंगुर, कुखुरा, हाँस, बट्टाई, माहुरी, गाई, भैंसी, माछा, अस्ट्रिच, भेडा आदि पालनमा कृषकलाई प्रोत्साहित गर्ने;

छ) रैथाने जातका पशुपंक्षी हरुलाई संरक्षण एबम सम्बर्धन गरि ब्यवासायिकिकरण गर्ने ;

ज) सहुलियत कृषि ऋणकासाथै बीमाको व्यवस्था गर्ने ;

झ) दूध तथा दुग्ध पदार्थ उत्पादन तथा प्रशोधनको लागि उपयुक्त वातावरण बनाउने;

ञ) गोठ तथा गोठेमल सुधार, पशुमूत्र संकलन तथा प्रयोग,जैविक विषादि प्रवर्द्धन सम्बन्धि कार्य गर्ने;

ट) पशु पोषण, खर्क, चरनक्षेत्र विकास व्यवस्थापन, डालेघाँस, भुइघाँस, अमरिसो आदि उत्पादन तथा प्रशोधन गर्ने; र



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ठ) पशु स्वास्थ सेवा व्यवस्थापन,आधुनिक प्रविधियुक्त पशु आहारा व्यवस्थापन,नश्ल सुधार,पशुशिविर,आइ.पि.एम.पाठशाला संचालन गर्ने गराउने ।

ड) कृत्रिम गर्भाधान बाट पशु उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न सुत्केरी भत्ता उपलब्ध गराउने र उन्नत घासको बिउ/घास उत्पादन गर्ने उत्कृस्ट किसानलाइ प्रोत्साहन गर्ने ।

**ञ) साना सिंचाई:**

साना सिंचाई प्रविधि हस्तान्तरण तथा प्रवर्द्धन (बर्षाको पानी संकलन तथा प्रयोग, सोलार-पम्प, ट्यूबवेल , कुलो ,पैनि ,पोखरी, स्प्रिङ्कलर,थोपा सिचाइ, प्लास्टिक पोखरी आदि) सम्बन्धि कार्य गर्ने ।

**ट) खाद्य संरक्षण तथा भण्डारण:**

ढ) रावा बेसी गाउँपालिकाखाद्यान्न उत्पादन तथा आवस्यकताको साथै खाद्यान्न अल्पता परिवारको तथ्यांक संकलन गर्ने र उपलब्धता तथा आपुर्तिको स्थिति अध्यावधिक गर्ने; र

ण)स्थानीय तहमा खाद्ध भण्डारणको सीप हस्तान्तरण ,अभिमुखिकरण ,स्थानीय उत्पादन खरिदको समर्थन मूल्य निर्धारण लगायत खरिद कार्यको व्यवस्थापन गर्ने, न्यून खाद्यान्न समयमै आपुर्तिको व्यवस्था गर्ने गराउने र रावा वेसी गाउँपालिकामा खाद्य अल्पताको तथ्यांक अध्यावधिक गरी राख्ने ।

**१०. कृषि तथा पशुपंक्षी सम्बन्धि नीति, कानून र योजना सम्बन्धि कार्य:**

स्थानीय गाउँपालिकाको सान्दर्भिकता हेरी संघीय तथा प्रादेशिक नीति र कानून संग नबाझिने गरी स्थानीय नीति र कानून योजना, गुरु योजना तर्जुमा ,मापदण्ड निर्धारण र नियमन का लागि सम्बन्धित गाउँपालिकालाई प्राविधिक सहयोग पुरयाउने ।

**११. क्षमता विकास सम्बन्धि कार्य :**

क) गाउँपालिकाको कृषि तथा पशुपंक्षी ऐनको परिच्छेद ३ को दफा ५को उपदफा १ बमोजीम वर्गीकृत किसानहरुको चाहना र प्राथमिकता अनुसारका कार्यक्रम तर्जुमा गरी संचालनको व्यवस्था मिलाउने;

ख) स्थानीय कृषि तथा पशुपंक्षी रोजगारीलाई मर्यादित बनाउन ज्यालाको उचित व्यवस्था गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ग) कृषि भुमिको समुचित प्रयोगको नीति तय गरी सीमान्तकृत किसान, भुमिहीन आदिलाई त्यस्को उपयोग गर्न चक्लाबन्दी खेति संचालन कार्यविधि अनुरुप कार्य गराउने व्यवस्था गर्ने;

घ) सीमान्तकृत किसान, भुमिहीन आदिमा भएको सीपको अभिबृद्धि गर्ने, नयाँ प्रविधि र त्यसको प्रयोगको समुचित व्यवस्था गर्ने;र

ङ) सरकारबाट प्राप्त अनुदान संग यस्ता विपन्न बर्गको पहुँच बढाउने ।

च) कृषि मजदुरहरुको हितको लागि बनेका संगठनहरुको समेत परिचालनमा सहयोग गर्ने ।

**१२. विभिन्न मापदण्ड र गुणस्तर कायम राख्न नियमनको व्यवस्था:**

अर्गानिक उत्पादन प्रमाणीकरण,पशुपंक्षी तथा पशुपंक्षी जन्य उत्पादन जाँच, औषधि वा विषादिको प्रयोग, नापतौल, हाटबजार अनुगमन(बिसादी परिक्षण) एबम मूल्य नियमन, ज्याला मजदुरी आदिको मापदण्ड र गुणस्तर कायम राख्न नियमनको व्यवस्था गर्ने ।

**१३.आन्तरिक कार्यविधि तथा विनियामावलीको व्यवस्था:**

**क) कृषि तथा पशुपंक्षी समितिको निम्न ब्यवस्था समेटिएको आन्तरिक कार्यविधि पारित गरी कार्य सुब्यवस्थित गर्ने**

क) प्रमूख तथा सदस्य सचिव तथा वडा कृषि समन्वय समिति को कार्य जिम्मेवारीको व्यवस्था गर्ने;

ख) बैठक संचालन र व्यवस्थापनको व्यवस्था मिलाउने;

ग) नगरपालिका क्षेत्रमा कृषि कार्यक्रम संचालन र व्यवस्थापनका लगि आवस्यक नीतिगत र कानूनगत निर्णय लिने;र

घ) स्थानीय कृषि तथा पशुपंक्षी अगुवा कृषक परिचालनको ब्यवस्था मिलाउने ।

**१४. प्राविधिक जनशक्तिको प्रक्षेपण**

क) कृषि सम्बद्ध सबै कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गराई कृषि क्षेत्रलाई चाहिने न्युनतम जनशक्ति र त्यसको किसिम(स्थान विशेष अनुसार) तह आदि निर्धारण गर्ने र नगरपालिकामा राय सहित पेश गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ख) दरबन्दि स्वीकृत गराउन नगरपालिकामा सिफारिश गर्ने र स्वीकृत भए पछि नगर कार्यपालिका संग समन्वय गरी मागको आकृति फारम प्रादेशिक लोकसेवा आयोगमा पठाउने;

ग) सिफारिश भइ आएका कर्मचारीलाई कार्य जिम्मेवारी तोकी आवस्यकतानुसार शाखा,इकाई वा सिकाइ केन्द्रमा काममा लगाउने;

घ) कार्य जिम्मेवारी विवरण अनुसार कर्मचारीहरुसंग कार्य सम्पादन करार गर्ने र प्रोत्साही पुरस्कार एवं दण्ड सजायको व्यवस्था र कार्य जिम्मेवारी निर्वाह गरे अनुसार गर्ने गराउने व्यवस्था मिलाउने;र

ङ) गैर सरकारी वा निजी क्षेत्रका जनशक्ति दोहोरो नपर्ने गरी उचित परिचालनको नीति अवलम्बन गर्ने ।

**१५. संविधान, ऐन र कानून द्वारा तोकिएको कार्य जिम्मेवारीको सम्पादन, संयोजन, निक्षेपण तथा समन्वय:**

क) ऐनद्वारा कार्यविधिको दफा ४ मा उल्लेख भएअनुसार स्थानीय कृषक समुह, सहकारी संस्था, बजार ब्यवस्थापन, कृषितथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी तथा कृषि प्रसार सम्बन्धि मूख्य शिर्षक र रावा बेसी गाउँपालिकाकृषि तथा पशुपंक्षी ऐन-२०७५ र नियमावली वा कानूनको अधीनमा रही विविध कृयाकलाप संचालन र व्यवस्थापनको कार्य गर्ने;

ख) प्रदेश तथा संघीय सरकारबाट समय समयमा स्थानीय तहले गर्न सक्ने गरी प्रत्यायोजित वा निक्षेपित भएर आउने कार्य जिम्मेवारीलाई आफ्नो क्षेत्रमा संचालनको ब्यबस्था गर्ने;

ग) उक्त सबै प्राप्त कार्य जिम्मेवारीलाई स्थानीय तहमा कार्यरत सबै सरोकारवालाको सहकार्य वा समन्वयमा कार्य सम्पादन गरिने ब्यवस्था मिलाउने;

घ) वडास्तरबाट गरिने कृषि तथा पशुपंक्षी कार्यको जिम्मेवारीको सूची तयार गरी पारित गर्न गराउन सम्बन्धित गाउँ कार्यपालिकामा सिफारिस सहित पेश गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ङ) कृषि तथा पशुपंक्षी विकास समितिले वडा तहमा संचालन गरिने कृयाकलाप र जिम्मेवारीलाई स्थानीय तहमा कार्य संचालन गरिने नियमावली तयार गर्दा नगर कार्यपालिकाबाट स्पष्ट परिभाषित गरिने कार्यमा सहयोग गर्ने; र

च) वडामा सुम्पेको कार्य जिम्मेवारी निर्वाह गर्न गराउन तिनको क्षमता विकासका साथै प्राविधिक सहयोग जुटाई सहजिकरण गर्ने कार्यक्रम योजनाबद्ध ढंगबाट प्रस्तुत गर्ने

**१६. गाउँपालिका क्षेत्रमा कार्यक्रम संचालन र ब्यवस्थापन कार्य:**

क) कृषि प्रणालीको संभाव्यता अनुसार प्रमुख उत्पादन हुने कृषि प्रणालीको पहिचान गरी गाउँपालिकाका वस्ति अथवा पकेटमा सोही बालि वा खेतिलाई प्रोत्साहन गर्न उन्नत ज्ञान, सीप, नयाँ प्रविधि, उन्नत बिउ बिजन, मल (जैविक र रसायनिक), सिंचाइ सुविधा, संस्थागत कर्जा, कृषि औजारको प्रयोग र पशुपंक्षीको प्रणालीगत सम्भाव्यता समेत प्रवर्धन गर्न गराउन सरकारी; गैरसरकारी र निजी क्षेत्रबाट समेत प्राविधिक सहयोग परिचालन गर्ने;

ख) कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक र सूचना प्रणालीको स्थापना, अद्धयावधिक तथा विकास तथा संरक्षण गर्ने र गाउँपालिकाकोवस्तुगत विबरणमा समाबेश गर्ने;

ग) कृषि तथा पशुपंक्षी विकास कार्यक्रमलाई एकद्वार प्रणाली अवलम्बन गरी संचालन गर्न गराउन र सरोकारवाला सबैसंग समन्वय गरी कार्यक्रम संचालन र ब्यवस्थापन गर्नका साथै गाउँपालिकामा कृषि तथा पशुपंक्षी विकास समन्वय समिति यस कार्यबिधिको परिच्छेद २ को दफा ३ बमोजिम गठन गरि त्यस समितिको काम, कर्तव्य र जम्मेवारी स्पष्ट पार्ने व्यवस्था गर्ने;

घ) सहभागितात्मक योजना तर्जुमा प्रकृयाको संस्थागत सुदृढिकरण, कृषि विकास कार्यक्रमको अन्य बिषय क्षेत्रअन्तर्गत संचालन हुने योजना कार्यक्रम संग अन्तरसम्बन्ध स्थापनाबाट परिपूरकता कायम गरी एकिकृत योजना प्रकृया अवलम्बन गर्न सरोकारवाला बीच पारस्परिक साझेदारीको विकास गरिने रणनीति अवलम्बन गर्ने;

ङ) कृषि तथा पशुपंक्षी कार्यक्रमलाई आवश्यकता र प्राथमिकता अनुसार वडा र वस्ति तहमा निक्षेपित वा प्रत्यायोजित गर्नुकासाथै गाउँपालिका संघीय वा प्रदेश स्तरका कार्यक्रमहरुसंग पनि समन्वय गरी संचालन गर्ने;

च) कृषि तथा पशुपंक्षी क्षेत्रमा देखिएको युवा जनशक्तिको कमीलाई सम्बोधन गर्न बिभिन्न उत्प्रेरणात्मक कार्यक्रम संचालन गरी कृषि पेशामा आकर्षित गरिने कार्यक्रम संचालन गर्ने;

छ) गाउँपालिकामा खेतिकोलागि उययुक्त जग्गालाई बाझो राख्ने कार्यलाई दुरुत्साहित गर्न उपयुक्त जग्गाकर प्रणाली लागु गरी जग्गाको प्रयोगलाई बढावा दिने;

ज) जग्गा विहिन तथा अतिकम खेति योग्य जग्गा भएका किसान लाई लामो अवधिकोलागि जग्गाको पट्टा(lease) उपलब्ध गराउन गाउँपालिकाले आफ्नो परिवेश अनुसार चक्लाबन्दी खेति संचालन कार्यविधि बमोजिम कानून बनाउनका साथै बाझो जमिन वा प्रयोग नभई खाली रहेको जग्गाको प्रयोगलाई बढावा दिन प्रोत्साहित गर्ने;

झ) कृषि अनुसन्धान, शिक्षा र प्रसारलाई कृषक, उद्दमी र व्यवसायीहरुको समस्या र मागको आधारमा कार्यान्वयन हुने प्रणालीको विकास गर्ने;

ञ) संघीय र प्रादेशिक अनुसन्धान फार्म वा केन्द्र तथा अन्य बिस्वसनीय श्रोतबाट प्राप्त ज्ञान, सीप र प्रविधिलाई कृषक सम्म पुरयाउन स्थानीय श्रोत व्यक्ति, अगुवा कृषक, एग्रोभेट, कृषि शैक्षिक र गैर सरकारी संस्था लगायतका जनशक्तिलाई समेत परिचालनको व्यवस्था गर्ने;

ट) रैथाने बाली तथा पशुपंक्षीको, जात, नस्ल र बौद्धिक सम्पतिको पहिचान, अभिलेखांकन, अध्ययन र अनुसन्धान गरी तिनको अनुसन्धान, संरक्षण, विकास र प्रबर्धन सम्बन्धि कार्यक्रम संचालन गर्ने;

ठ) स्थानीय स्तरमा भएका कृषि अनुसन्धान, शैक्षिक संस्था र प्रसार निकाय बीच कार्यगत सम्बन्ध स्थापित गरि कृषि बिकासका बिभिन्न कार्यक्रमहरु कार्यान्वन गर्ने; र

ड) गाउँपालिकाले सम्बद्ध पकेट अनुसारको कार्यक्रम संचालन गर्न गराउन विशेष पहल गर्ने नीति लिने र त्यसकालागि स्थानीय भाषामा समेत सामाग्रीको विकास र प्रवर्द्धनको सकेसम्म व्यवस्था गर्ने।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

### १७. अन्तरसम्बन्ध र समन्वय

रावा वेसी गाउँपालिकामा कृषि तथा पशुपंक्षी कार्यलाई संचालन र व्यवस्थापन गर्दा पारस्परिक सहयोग, समन्वय र सम्बन्धलाई एकिकृतरुपमा संचालन गर्ने गराउने र यसरी कार्य गर्दा सम्बद्ध कार्यालय, संस्था वा व्यक्ति, गाउँपालिका प्रति जबावदेही र उत्तरदायी भई देहाय बमोजिमको कार्य गर्न गराउने ब्यवस्था गर्ने:

क) कृषक परिवार, समूह , उधमी र संस्था संग तिनको आवस्यकता पहिचान, प्राथमिकता निर्धारण र श्रोत साधनमा साझेदारीका साथै सहभागितामा कार्यक्रम संचालन गर्ने गराउने;

ख) कृषक परिवार विशेष गरेर विपन्न र सिमान्तकृत परिवारलाई केन्द्रमा राखि उक्त कार्य गर्न गराउन वडास्तरका साथै वस्ति/टोल स्तरमा कार्यरत टोलबिकास संस्था ,गैरसरकारी संस्थाको सहयोग र समन्वयमा उक्त कार्य गर्ने गराउने;

ग) गाउँपालिकामा कृषि तथा पशुपंक्षी क्षेत्र संग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने शाखा, साथै बिषयगत समिति र उपसमिति संग अन्तरसम्बन्धित विषयमा औपचारिक तथा अनौपचारिक सम्बन्ध स्थापना गर्ने गराउनेर एक अर्काका कार्यक्रममा परिपूरकता कायम गर्न गराउन सदैव सकृय भूमिका निर्वाह गर्ने;

घ) गाउँपालिका अन्तर्गत कार्यरत कृषि तथा पशुपंक्षी सेवा प्रदायकको सूचि तयार गरि नियमित रुपमा अध्यावधिक गराई राख्ने, यसरी सूची तयार गर्दा ती संस्थाले गाउँपालिकामा के कस्ता प्रकृतिका कृयाकलाप वा कार्यक्रम बस्ति/टोलमा परिवारमा केन्द्रित गरेका छन त्यसको विबरण तयार गर्ने र दोहोरो नपर्ने गरी कार्यक्रम समन्वयित रुपमा संचालन गर्ने व्यवस्था मिलाउने;

ङ) संस्थामा कार्यरत प्राविधिक जनशक्तिको अधिकतम उपयोग गर्ने उपाय पहिचान गर्ने र सरोकारवालासंग छलफल गरी आपसी समन्वयमा बिशेषताका आधारमा प्राविधिक जनशक्तिको परिचालनको रणनीति तय गर्ने;

च) वडा वा वस्ति/टोलमा स्थानीय तह वा बाह्य श्रोत साधनबाट कृषि तथा पशुपंक्षी कार्यक्रम संचालन गर्नु पर्नेभए ती संस्था संग औपचारिक सम्झौता गरी कार्यक्रम संचालन र व्यवस्थापन गर्ने;

छ) गाउँ कार्यपालिका तथा नगरसभाका प्रशासनिक तथा निर्वाचित पदाधिकारी संग पनि औपचारिक र अनौपचारिक सम्बन्ध स्थापित गर्न गराउन समस्त कृषि क्षेत्रको कार्यक्रम बारे



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

अभिमुखिकरणका कार्यक्रम संचालन गर्ने र समय-समयमा अध्यावधिक गर्ने गराउने व्यवस्था मिलाउने;

ज) अभिमुखीकरण कार्यक्रम संचालनका लागि कृषि क्षेत्रका संभाव्यता र तिनको उचित उपयोगको स्पष्ट मार्ग चित्र प्रस्तुत गर्ने र संभाव्य मानव, आर्थिक र भौतिक श्रोत साधनको आवस्यकता वा परिचालन गर्ने रणनीति बारे जनप्रतिनिधिलाई निरन्तर जानकारी गराइ राख्ने;

झ) संचालित अभिमुखिकरण कार्यक्रमामा खाद्य सुरक्षाको स्थिति, बचत हुने वा न्यून हुने , सम्बन्धित नगरपालिकाबाट बाहिर निकासी योग्य कृषि पदार्थको बारेमा पनि जानकारीमूलक सूचना समेटिएको ब्रोसर बनाई जानकारि गराइ राख्नुका साथै खाद्यान्न वा अन्यबाली न्यून हुने वस्ति समेत पहिचान गर्ने र उत्पादनका संभाव्य क्षेत्र पहिल्याई समुचित कार्यक्रम संचालनमा ल्याउने;

ञ) अभिमुखीकरण कार्यक्रमबाट गाउँपालिका स्तरमा कृषि तथा पशुपंक्षी कार्यक्रम संचालनका लागि श्रोत परिचालन वा आन्तरिक वा बाह्य लगानी आकर्षित गराउने रणनीति लिने;

ट) सम्बन्धित गाउँ कार्यपालिका तथा सरोकारवाला गैरसरकारी संस्था, निजी क्षेत्रका पदाधिकारीलाई कृषि कार्यक्रम संचालनमा र स्थानीय लगानी बढाउने कार्यमा संलग्न गराउन निरन्तर सम्पर्क, संचार र समन्वय गर्ने गराउने ब्यवस्था गर्ने;

ठ) गाउँपालिकाका सम्बन्धित अधिकृत वा शाखा प्रमुखले कृषि तथा पशुपंक्षी कार्यक्रम संचालन गर्दा देखा परेका समस्या वा चुनौतिको समाधानमा आवस्यक सहयोग उपलब्ध गराउने;

ड) कृषि तथा पशुपंक्षी कार्यक्रमलाई स्थानीय योजना चक्रमा आबद्ध गराउन योजना तर्जुमाका प्रत्येक चरण(बजेट पुर्वानुमान प्रक्षेपण, मार्गदर्शन तयारी,वडास्तरमा गरिने कार्य, स्थानीय योजना तर्जुमा समिति, अनुदान आदि सम्बन्धी) मा नीतिगत तथा कार्यगत समन्वय स्थापित गरी तोकिएको समयमा कार्य गर्ने गराउने ब्यवस्था मिलाउने;

ढ) संचालित कार्यक्रमको एकल वा संयुक्त अनुगमनको ब्यवस्था मिलाउन नगरपालिका स्तरीय अनुगमन समितिसंग समन्वय गर्ने र सूचकको तयारी गर्ने र अनुगमन समितिबाट स्वीकृत गराई अनुगमन कार्य गर्ने गराउने र प्राप्त अनुगमन प्रतिवेदनमा समीक्षा समेत गर्ने ब्यवस्था मिलाउने;

ण) कार्यक्रम संचालन गर्दा उप समिति वा कार्यदल गठन गर्नु पर्ने भए आन्तरिक कार्यविधीमा समावेश गरी स्वीकृतिका लागि समितिमा पेश गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

त) जिल्ला भित्रका स्थानीय तहका अन्य गाउँपालिका वा नगरपालिका क्षेत्रमा कार्यरत प्रदेश तथा संघीय सरकारका कार्यालयका साथै गैरसरकारी संस्थाहरुसंगको समन्वयकारी भूमिका जिल्ला सभाले खेल्ने हुँदा जिल्ला समन्वय समिति संग निकटतम सम्पर्कमा रहि कार्य गर्न गाउँपालिका मार्फत समन्वयको ब्यवस्था मिलाउने;र

थ) गाउँपालिकाको कार्यक्रमको अनुगमन र बार्षिक समीक्षा गर्दा जिल्ला समन्वय समितिसंग कार्यपालिका मार्फत समन्वयको व्यवस्था गर्ने ।

**प्रदेश सरकारसंगको समन्वय:**

क) प्रदेश तहको भूमि ब्यवस्था, कृषि तथा सहकारी मंत्रालय वा विभाग संग निकटतम सम्पर्क र समन्वय गर्दा नगर कार्यपालिका वा जिल्ला समन्वय समिति मार्फत गर्ने;

ख) नगरपालिकामा संघीय तथा प्रादेशिक सरकारबाट प्रतिपादित नीति, नर्म्स वा मापदण्ड लागु गर्न प्राविधिक सहयोगको आवस्यकता देखिएमा कृषि तथा पशुपंक्षी शाखा मार्फत प्रादेशिक मंत्रालय वा बिभाग संग समन्वय गरी सहयोग माग गर्ने;र

ग) प्रदेश सरकारसंगको कार्यक्रम र बजेटमा सहकार्य तथा साझेदारी कायम गरी कार्य संचालन गर्न आवस्यक समझदारी कायम गर्नु पर्ने भएमा त्यस्तो समझदारी वा सम्झौताको मस्यौदाको ढाँचा स्वीकृत गरी कृषि तथा पशुपंक्षी शाखालाई कार्यान्वयनको जिम्मेवारी दिने र त्यस्तो कार्य संचालन गर्दा देखिएका बाधा अडकाउ फुकाउन नियमित समीक्षा गर्ने गराउने।

## परिच्छेद ४

### १८. योजना र बजेट तर्जुमा प्रकृया (planning cycle)

क) कृषि तथा पशुपंक्षी बिषयगत क्षेत्रको आवस्यक तथ्यांक, सूचना संकलन, बिश्लेषण गर्न रावा वेसी गाउँपालिका संग समन्वय गरी कार्य गर्ने र समष्ट कृषि क्षेत्रको वस्तुगत बिवरण तयार गरी राख्ने;

ख) कृषि तथा पशुपंक्षी क्षेत्रको मध्यकालीन वा दीर्घकालीन रणनीतिगत विकास योजना तर्जुमा गरी रावा वेसी गाउँ कार्यपालिकाबाट स्वीकृत गराई राख्ने र उक्त योजना



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

लिएका नीति रणनीतिलाई आवस्यकतानुसार गाउँपालिकाको आवधिक योजनामा समावेश गरी लागु गर्ने गराउने;

ग) उक्त स्वीकृत बिषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष र उद्देश्य प्राप्तिकालागि बार्षिक योजना तर्जुमाको सिलसिलामा बजेट पूर्वानुमान र मार्गदर्शन मा समावेश गर्न रावा वेसी गाउँपालिका संग समन्वय गर्ने; र

घ) गाउँपालिकाबाट बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भए पछि समितिको बैठक बाट वडास्तर र गाउँपालिका स्तरीय बजेट पूर्वानुमानलाई बाँडफाँट गर्न कृषि विषयक सबै सरोकारवालाको वैठक आयोजना गर्ने र शाखागत वा वडागत बाँडफाँट गर्ने साथै योजना तर्जुमा मा सहभागिता जनाउन कार्यक्रम समेत स्वीकृत गर्ने।

## १९. योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरु:

बिषय क्षेत्रगत वा आवधिक योजना तर्जुमा गर्दा कृषि क्षेत्रको सम्बन्धित स्थान बिशेष को संभाव्यता हेरी देहायका आधारमा प्राथमिकीकरण र कृषि व्यवसायीकरणका माध्यमबाट प्राथमिकताका बिषयमा ध्यान पुरयाउने:

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदानपुग्ने;

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने;

ग) सामुहिक खेति बिस्तार गर्न सकिने ;

घ) स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने;

ङ) स्थानीय बासिन्दाहरूका प्राथमिकतालाई संबोधन गरी जनसहभागिता जुट्ने;

च) महिलाबालबालिका तथा पिछडिएका वर्गक्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने;

छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने;

ज) वातावरणीय संरक्षण तथा सम्वर्द्धन, जलवायू परिवर्तन अनुकूलनमा सघाउ पुऱ्याउनुका साथै दिगो विकासको लक्षप्राप्तिलाई प्राथमिकता दिई तर्जुमा गर्न सघाउ पुरयाउने;

झ) बार्षिक योजना तयार गर्दा बिषय क्षेत्रगत, आवधिक योजनाका लक्ष, उद्देश्य, नीति, रणनीति र कार्यक्रम प्राथमिकता समेत लाई ध्यानमा राखी बार्षिक योजना, कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिने।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

योजना तर्जुमाका चरण र प्रकृया :

क) गाउँपालिका स्तरीय बार्षिक योजना तर्जुमा गर्दा बजेट निर्धारण समितिबाट कृषि तथा पशुपंक्षी क्षेत्रको बजेट पुर्वानुमानको सीमा र मार्गदर्शन तयारीमा माग भएको आवस्यक प्राविधिक सहयोग पुरयाउने;

१. गाउँपालिकाबाट आगामी बर्षको श्रोतको अनुमान, बजेट सीमा तथा मार्गदर्शन प्राप्त भए पछि कृषि क्षेत्र संग सम्बद्ध सबै सरोकारवालाहरु( बिषयगत शाखा, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, विषय विज्ञ आदि)को बैठक बोलाउने;

२. कृषि/ पशु क्षेत्रगत(पशु स्वास्थ, मत्स्यपालन, फलफूल खेति, तरकारी आदि)को गाउँपालिका स्तरिय र वडास्तरीय पूर्वानुमानको प्राप्त बर्गिकरणलाई लगानीका क्षेत्र तोकी विषय क्षेत्रगत तथा वडास्तरीय कृषि कार्यक्रमको बजेट पूर्वानुमान र मार्गदर्शन तयार गर्ने;

३. प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र अबलम्बन गरिने नीति रणनीति र बिषय तथा भौगौलिक क्षेत्रगत लगानीको बाँडफाँट गरी सम्बन्धित शाखा, इकाई , वडा वा सीकाई केन्द्रमा मार्गदर्शन सहित बजेट पूर्वानुमान पठाइने र सम्बन्धित जिम्मेवार व्यक्ति समेत तोकी योजना तर्जुमा प्रकृयाको थालनी समेत गर्ने;

४. गाउँपालिका तथा विषयगत निकाय(कृषि तथा पशुपंक्षी क्षेत्र)बाट वडामा प्राप्त बजेट पूर्वानुमान र मार्ग दर्शनका अधीनमा रही कार्यक्रम र बजेट तर्जुमा गर्न वडास्तरमा रहेका सरकारी, गैरसरकारी, सहकारी संस्था तथा निजी क्षेत्रका सरोकारवाला सबैको बैठक आयोजना गरी प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शनको जानकारि गराइने र वडास्तरमा तथ्याङ्क, सूचना तथा बस्तुगत बिबरणको आधारमा स्थिति र संभाव्यताको विश्लेषण गरी वडास्तरिय लगानीको प्राथमिकता निर्धारण गर्ने;

५. बिषयगत निकाय र गैरसरकारी संस्थाको कार्यक्रम बीचमा पनि परिपूरकता कायम गरी एकिकृत योजना तर्जुमा गर्ने गराउने;

६. सबै सरोकारवालालाई करिब एक महिनाको समय दिई वस्तिस्तरमा तर्जुमाको तालिका समेत तय गर्ने;

७. यसरी तय गरिएको समयतालिका सबै वस्ति वा कृषक समूहलाई समेत जानकारी गराई वस्ति वा समूहस्तरमा योजना तर्जुमाको थालनी निर्दिष्ट समयमा गर्ने र यसै बीचमा यदि प्रदेशतहबाट थप कृषि तथा पशुपंक्षी बिषयक बजेट पूर्वानुमान वा संशोधित अनुमान गाउँपालिकाबाट प्राप्त भएमा सो समेत समावेश गरी योजना तर्जुमा प्रकृयामा समावेश गराउने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ख) योजना तर्जुमा समितिले कृषि तथा पशुपंक्षी समिति बाट प्राप्त गरेको एकिकृत कार्यक्रम, बजेट र नीति बेलका गाउँ पालिकामा पठाउन अगाडी निम्न कार्य गर्ने:

१. सम्बन्धित क्षेत्रमा संचालन हुने योजना र कार्यक्रममा दोहोरोपन आउन न दिने गरी आपसी तारतम्य र परिपूरकता कायम गर्ने व्यवस्था मिलाउने;

२. बजेट तथा कार्यक्रमको बिषय क्षेत्रगत सम्बन्धित समितिमा पुन: छलफल गराउनु पर्ने भए गराई अन्तिम प्रस्ताव तयार गरी रावा वेसी गाउँपालिकामा पेश गर्न आदेश दिने

३. आवधिक योजना तयार भएको रहेछ भने उक्त आवधिक योजनाको दूरदृष्टि, लक्ष, उद्देश्य, नीति र कार्यक्रमका प्राथमिकता अनुकूल भए नभएको हेरी उक्त आवधिक योजना संग तालमेल हुने गरी प्रस्तुत गर्ने;

४. संघीय सरकारमा नेपाल सरकारले बजेट प्रस्तुत गर्ने समय जेष्ट १५ गते तोकिएको हुनाले बजेट बक्तव्यको संघीय नीति समेत स्थानीय तहमा असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने;

५. त्यस्तै प्रदेश सरकारले जेष्ट मसान्त भित्र बजेट र कार्यक्रम प्रस्तुत गर्ने हुँदा स्थानीय तहलाई असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने;

६. आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्ने;

७. यदि वहुबर्षिय योजना रहेछ भने त्यसको लगानीको प्रक्षेपण र उपलब्धि लक्ष्य समेत निर्धारण गरी प्रस्तुत गर्ने;

८. बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र घाटा बजेट प्रस्तुत गर्न बन्देज रहेको हुँदा कुनै हालतमा पनि घाटा बजेट र कार्यक्रमा सिफारिश नगर्ने;

९. रावा वेसी गाउँपालिकाके गाउँसभामा प्राप्त बजेट तथा कार्यक्रममा छलफल गरी अषाढ २५ गते भित्र कार्यपलिका संग केहि थप बुझ्नु पर्ने भएमा कार्यपालिकामा निर्देशन सहित प्रस्ताव कार्यपालिकामा फिर्ता पठाउने व्यवस्था गर्ने;

१०. गाउँकार्यपालिकाले यसरी प्राप्त फिर्ता हुन आएको बजेट तथा कार्यक्रममा केहि हेरफेर गर्न उचित देखिएमा वा नदेखिएमा पुष्ट्याँई सहित पुन:गाउँ सभामा राय सहित पेश गर्ने;

११. गाउँसभाले अषाढ मसान्त भित्र बजेट र कार्यक्रम पारित गरि सक्नु पर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

१२. बजेट र कार्यक्रम सार्वजनिकिकरण: सभाबाट स्वीकृत भए पछि बिभिन्न संचार माध्यमबाट सर्वसाधारणको जानकारीकालागि बजेट, कार्यक्रम र लिइएका नीति कार्यपालिकाले प्रकाशित गर्नु पर्ने छ र आ-आफ्नो वेवसाइटमा समेत राख्ने व्यवस्था गर्ने।

२०) योजना/कार्यक्रम कार्यान्वयन:

क) सबै सरोकारवालाले कार्यक्रम र बजेट को कार्यान्वयन र जिम्मेवारी तालिका तयार गर्ने:

१. कार्यक्रम स्वीकृत भए पछि सरोकारवाला सबै विषयगत निकायले आ-आफ्नो शाखागत र वडागत रुपमा योजना, कार्यक्रमलाई कृयाकलापमा बिभाजन गरी निश्चित कार्यतालिकामा राख्ने र यसरि कार्यतालिका तयार गर्दा जिम्मेवारी तालिका समेत तयार गर्ने; र

२. यसरी तयार गर्दा कार्यक्रम् कार्यान्वयन को तरिका मध्ये लिइने निम्न विकल्प जस्तै उपभोक्ता समिति, ठेक्का पट्टा, गैरसरकारी संस्था, सहकारी वा सेवा करार, अमानत मध्ये उपयुक्त विकल्पको समेत सार्वजनिक खरिद ऐनको परिधि भित्र रही छनौट गरी प्रस्तुत समेत गर्ने ।

ख) विषयगत समितिमा कार्यान्वयन तालिका पेश गर्ने ।

१. यसरि शाखागत वा वडागत कार्यक्रम र बजेट तयार भए पछि कृषि तथा पशुपंक्षी विषयगत समितिमा सम्बद्ध सबै सरोकारवाला गैर सरकारी संस्था, सहकारी संस्था र निजिक्षेत्रबाट समेत कार्यान्वयन तालिका प्रस्तुत गराउने;

२. यसमा आपसी समन्वय र परिपूरकता कायम गर्न अन्य सम्बन्धित बिषयगत क्षेत्रका सरोकारवाला सबैलाई पनि आमन्त्रण गर्नु पर्ने देखिएमा सो समेत गर्ने;

३. उक्त कार्यान्वयन तालिकामा के, कति, कहाँ, कसरी, कस्ले, कसबाट, कस्का लागि, लाग्ने लागत, उपलब्धि परिमाण र जिम्मेवार व्यक्ति र निकाय स्पष्ट देखाउनु पर्ने गरी तालिका प्रस्तुत गर्न लगाउने; र

४. कृषि तथा पशुपंक्षी समितिले पारित गरे पछि सम्बद्ध अन्य विषय क्षेत्रगत समितिले अन्तर क्षेत्रगत परिपूरकता हेरी पारित गर्ने र सम्बन्धित पालिकाको



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

बजेट तथा कार्यक्रम समितिमा पठाउने। बजेट तथा कार्यक्रम समितिले मार्गदर्शन अनुसार भए नभएको हेरी गाउँकार्यपालिकामा पेश गर्ने ।

## २१) योजना कार्यान्वयनका लागि बजेट प्रवाह प्रकृया

१. प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम र बजेटको अख्तियारी श्रावण ७ गते भित्र दिनु पर्ने व्यवस्था गर्ने;

२. प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त भएको मितिले १५दिन भित्र तयार भएको कार्यान्वयन कार्यतालिका र बजेट र कार्यक्रमको अख्तियारी कार्यान्वयन मार्गदर्शन सहित सम्बन्धित शाखा तथा वडा समितिमा पठाउने व्यवस्था गर्ने;

३. कार्यान्वयन मार्ग दर्शनमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको ढाँचा समेत राखि प्रतिवेदन पठाउने वा कार्यान्वयनको तरिका, समयमा कार्य सम्पादनमा उत्कृष्टता हासिल गरेमा पुरुस्कार र नगरेमा दण्डको व्यवस्थालाई कार्य सम्पादनको अभिन्न अंगकोरुपमा राख्ने ब्यवस्था मिलाउने;

४. गाउँपालिकाबाट अख्तियारी र मार्गदर्शन प्राप्त भए पछि कृषि तथा पशुपंक्षी संग सम्बन्धित कार्यान्वयन गर्ने जिम्मेवार निकायमा कार्यान्वयन तालिका सहित कार्यक्रम र बजेट खर्च गर्ने जिम्मेवार निकाय तोकी पठाउने र यदि गाउँपालिकाकोप्राथमिकता प्राप्त योजना वा कार्यक्रम भए सो समेत खुलाउने;

५. कृषि तथा पशुपंक्षी समितिले वा शाखा प्रमुखले आफ्ना बिषयक्षेत्र अन्तर्गतका प्राथमिकता प्राप्त योजनाको सूची समेत सम्बन्धीत जिम्मेवार निकाय र व्यक्तिलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गर्ने;

६. गाउँकार्यपालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृत संग र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुख वा वडा समिति संग सूचक सहितको कार्य सम्पादन करार गर्ने;

७. यदि कृषि तथा पशुपंक्षी क्षेत्रको बिषयमा कार्य सम्पादन करार भएको भए तत्-तत् जिम्मेवार ब्यक्तिसंग सचिव वा सम्बन्धित शाखा प्रमुखले कार्यसम्पादन करार समेत गर्नु पर्ने

८. गाउँकार्यपालिकामा स्वतन्त्र कार्यसम्पादन (३६० डी.ग्री.) मुल्यांकन समिति समेत गठन गरी सम्वन्धित शाखाको कार्य सम्पादन मुल्यांकन ६-६ महिनामा गर्ने ब्यवस्था मिलाउने ।



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

२२) **कार्यक्रम कार्यान्वयन प्रतिवेदन:**

क) अख्तियारि प्राप्त प्रत्येक निकायले मासिक रुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुइ-दुइ महिनामा र अन्य सबै कार्यक्रमको चौमासिक रुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा गाउँकार्यपालिकामा पेश गर्ने ;

ख) यसरी पठाएको प्रतिवेदन सम्बन्धित बिषयगत समितिको सदस्य-सचिवलाई समेत उपलब्ध गराउने

ग) प्राथमिकता प्राप्त योजनाको २-२ महिनामा प्रमुखले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने;

घ) चौमासिक समीक्षा: बिषयगत समिति र बिषय क्षेत्रगत समिति(कृषि तथा पशुपंक्षी )मा समेत प्रगति प्रतिवेदनमा कार्यपालिकामा समीक्षा हुनु भन्दा अगाडि नै समीक्षा गरि बिषय क्षेत्रगत समितिका संयोजकले एकमुष्ट प्रगतिको समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्ने र देखापरेका प्रमुख मुद्दा वा समस्या प्रस्तुत गरी समधानको उपाय समेतको रणनीति वैठकबाट तय गर्ने;

ङ) चौमासिक प्रगति प्रतिवेदन सरोकारवालाहरु,बिकास साझेदार ,जिल्ला समन्वय समिति, प्रदेश वा संघीय सरकारको सम्बन्धित मंत्रालयमा एकिकृत गरी महिना भुक्तान भएको १५ दिन भित्र प्रस्तुत गर्ने;

च) बार्षिक प्रतिवेदन पठाउने: नगरकार्यपालिकाले बार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक बर्ष भुक्तान भएको एक महिना भित्र सरोकारवालाहरु,बिकास साझेदार ,सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय मंत्रालयमा पठाउनु पर्ने; र

छ) प्रगति स्थितिको आधारमा कर्मचारीको कार्यसम्पादन मुल्यांकनगर्ने प्रणाली स्थापित गर्ने । यसकालागि प्रत्येक कर्मचारीको कार्य जिम्मेवारी विबरण प्राप्त गरी तदनुसार कर्मचारीको कार्यसम्पादन मुल्यांकनगर्ने ।

२३) **अनुगमन, मुल्यांकन, समीक्षा र प्रतिवेदन:**

१ ) अनुगमन ,मुल्यांकन , जवाफदेहिता र सिकाई (MEAL) समिति गठन

संयोजक - उपप्रमुख

सदस्यहरु

क. आर्थिक समितिबाट १ जना



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ख. योजना अनुगमन तथा प्रशासकीय अधिकृत

ख. कृषि शाखा प्रमुख

ग. पशुपंक्षी शाखा प्रमुख

घ. कृषि इन्जिनियर

ङ. सम्बन्धित वडा अध्यक्ष्य

च.लेखा प्रमुख

ज.सम्बन्धित बिकास साझेदार संस्था प्रतिनिधि १ जना

झ.उद्यमी /समूह /सहकारी मध्ये बाट नगर कार्यपालिकाले तोकेको प्रतिनिधि १ जना

यं ) गाउ कार्यपालिकाले तोकेको दलित महिला वडा सदस्य १ जना

**क) अनुगमन:**

१. योजना वा कार्यक्रमको एकल वा संयुक्त अनुगमनको ब्यवस्थाकालागि अनुगमन कार्यको कार्यतालिका गाउँपालिकाकोअनुगमन समितिबाट स्वीकृत गराई राख्ने र बजेट समेत छुट्ट्याउने;

२. कृषि तथा पशुपंक्षी समितिले आवस्यकतानुसार को टोली गठन गरी नियमित अनुगमनको ब्यवस्था मिलाउने छ र उक्त अनुगमन को प्रतिबेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ।

३. अनुगमनका क्रममा नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा निम्न कुराको विश्लेषण गर्ने

४. श्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समयतालिका अनुसार भए नभएको?

५. अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको?

६. कार्यान्वयन क्षमता के कस्तो छ?



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

७. के कस्ता समस्या र बाधा व्यवधान देखिएका छन र तिनको समाधानका निम्ति के कस्ता उपाय अवलम्बन गर्नु पर्छ?

८. सूचना प्रविधिको उपयोगबाट अनुगमन सूचना प्रणाली बर्तमानमा स्थापित गर्दा उपयुक्त हुने हुनाले अनुगमनका लागि उपयुक्त प्रणाली विकास गर्ने;

९. गाउँपालिकामा अनुगमन र सुपरिवेक्षणकालगि उप प्रमुखको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकोले उक्त संयन्त्र संग समितिले समन्वय गरी अनुगमनको व्यवस्था गर्ने;

१०. कृषि तथा पशुपंक्षी विकास समितिले पनि आफु अन्तर्गत संचालित कार्यक्रमहरुको समयमै अनुगमन गर्न कृषि तथा पशुपंक्षी विकास समितिको संयोजक वा अन्य सदस्यको संयोजकत्वमा सम्बद्ध शाखाका प्रमुख वा निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधी, उद्यमी/कृषक समूह/सहकारीको प्रतिनिधि रहेको अनुगमन उप समिति गठन गर्ने र त्यस्को सचिव सम्बन्धित शाखा वा प्रमुखले तोकेको अधिकृत कर्मचारी हुने ब्यवस्था मिलाउने;

११. उक्त उपसमितिले आफ्नो कार्यविधि आफै बनाउने छ र संयुक्त वा एकल अनुगमनको ब्यवस्था समेत गर्ने छ ।यस उप समितिले उपलब्धि(output) र परिणाम(outcome) को मापन सूचक तयार गरी स्वीकृत गराई राख्ने छ । त्यस्तै कृषि सम्बद्ध अन्य सरोकारवाला गैर सरकारी संस्था, निजी र सहकारी क्षेत्र एवं विकास साझेदार का बीचमा पनि अनुगमन प्रणालीका सूचक निर्धारण गरी कृषि तथा पशुपंक्षी समितिको अनुगमन प्रणालीमा समाहित गर्न सकिने सूचक निर्धारण गरी लागु गरिने छ। अनावश्यक सूचनाहरु माग नगर्ने र आवस्यक सूचना नछुटाउने नीति समेत अवलम्बन गर्ने;

१२. यसरी सूचक तयार गर्दा नगरपालिका लाई कृषि तथा पशुपंक्षी क्षेत्रको आधारभूत सूचना उपलब्ध गराउनुका साथै आवधिक योजनामा निर्दिष्ट गरेका विषय क्षेत्रगत सूचक हरुसंग मिलान गर्न समन्वय गरी तदनुसारको प्रतिवेदन पठाउने व्यवस्था गर्ने;

१३. जिल्ला समन्वय समिति र प्रादेशिक सरकारमा पठाइने सूचना बारेमा पनि पूर्व जानकारी तत्-तत् निकायबाट माग गर्ने;



रेख बहादुर थापा
प्रशासकिय अधिकृत

१४. अनुगमन प्रणालीलाई नियमित र व्यवस्थित बनाउन सबै कार्यक्रम र भौगौलिक क्षेत्रमा पुग्न संभव नभए नमूनाको रुपमा केही वडामा र समष्टि व्यवस्थापनको अनुगमन मापनका सूचक तयार गरी तदनुसार अनुगमन गर्ने व्यवस्था समेत मिलाउने;

१५. स्थानीय प्राथमिकता प्राप्त, बहुबर्षिय(क्रमागत) वा पूजिगत लगानी अत्याधिक भएका योजना, कार्यक्रमहरुका लागि छुट्टै सूचक तयार गरी नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिने छ र देखा परेका समस्या समयमै समाधान गरी योजना कार्यक्रम सुचारु गराउने व्यवस्था मिलाउने;

१६. अनुगमन कार्यकालागि लाग्ने अनुमानित बजेट समेत यसउप समितिले तय गरी समितिमा पेश गर्ने छ

१७. समितिले बिषयगत शाखा लाइ पनि सुपरिवेक्षण तथा अनुगमनका लागि बजेटको ब्यवस्था गरी अनुगमन गर्न गराउन आवस्यक निर्देशन दिने;

१८. यसरी अनुगमन गराई बिषयगत कृषि तथा पशुपंक्षी समिति र गाउँपालिकाकोमूल समितिमा नियमित प्रतिवेदन लिने व्यवस्था गर्ने; र

१९. अनुगमन, मुल्यांकन मा जिल्ला समन्वय समितिको समेत भूमिका रहने हुँदा विकास गरिएका अनुगमन सूचक, कार्यतालिका आदिबारे कार्यपालिका मार्फत जिल्ला समन्वय समितिमा समेत पठाउने ।

**ख) मध्यावधि मुल्यांकन :**

१. गाउँपालिकामा आवधिक योजना तयार गरी संचालनमा ल्याएको छ भने उक्त योजनाको समष्टि उपलब्धि र परिणाम को मापन हुने गरी बाह्य निकाय वा बिशेषज्ञबाट मध्यावधि मुल्यांकन गर्ने प्रणाली अबलम्बन गर्ने

२. बहुबर्षिय(क्रमागत) योजना वा प्राथमिकता प्राप्त योजना हरुको पनि मध्यावधि मुल्यांकन गरिने प्रणाली अबलम्बन गर्ने

**ग) अन्तिम मुल्यांकन:**

१. योजनाका बृहत्तर लक्ष्य र उद्देश्य हाँसिल भए नभएको, कहाँ, के कस्ता सबल र कमजोर पक्ष रहन गए बिश्लेषण गरी व्यवस्थापनलाई उपयुक्त नीति, रणनीति तय गर्न मद्दत पुर्याउने ब्यवस्थाका लागि अन्तिम मुल्यांकन को ब्यवस्था गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

२. गाउँपालिकले तयार गरेको आवधिक योजनाको समष्टि अन्तिम प्रभाव मुल्यांकन गर्ने प्रावधान राख्ने;

३. मूल्यांकन प्रणालीमा कृषिक्षेत्रको समेत प्रभाव मुल्यांकन गर्न गराउन ब्यवस्था मिलाउने;

४. आन्तिम मुल्यांकनका लगि तेस्रो पक्षका विज्ञ बाट गर्नु गराउने ब्यवस्था गर्ने ।

घ) **समीक्षा:**

१. गाउँपालिकामा प्रत्येक चौमासिक र बार्षिक रुपमा संचालित सबै योजना, कार्यक्रम, आयोजना वा कृयाकलापहरुको प्रगति समीक्षा कार्यपालिकाले गर्ने हुनाले कृषि तथा पशुपंक्षी विकास समितिले पनि समिति अन्तर्गतका सबै कार्यक्रमको समितिमा समीक्षा गरी समीक्षाको निचोड सम्बन्धित कार्यपालिकाको समीक्षा बैठकमा पेश गर्ने;

२. यस्तो समीक्षा वैठकको आयोजना गाउँपालिकाकोबैठक बस्नु अगाडी निश्चित गर्ने;

३. यस समीक्षा बैठकमा सरोकारबाला सबै सरकारी, गैरसरकारी, निजी, सहकारी, विकास साझेदारहरुको सहभागिता सुनिश्चित गर्ने;

४. समीक्षा मा आँकडा प्रस्तुति गर्नु भन्दा पनि देखा परेका मुद्दा, समस्याहरुबारे छलफल गर्ने र समस्या समाधानका सहज उपायको खोजि गर्ने र कुन तहबाट उक्त समस्या समाधान हुने हो सोको समेत जिम्मेवारी तोक्ने कार्य गर्ने;

५. कृषि तथा पशुपंक्षी बिषयक पूजिगत खर्चमा कमी हुनुमा देखापरेका समस्याको समेत समयमै निदान गरिने गरी समाधान खोज्ने;

६. स्थानीय, प्रादेशिक वा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको २-२ महिनामा समीक्षा गरिने प्रणाली अबलम्बन गर्ने;

७. विकास साझेदारहरुको सहयोगमा संचालित योजना को समीक्षा समेत गर्ने; र

८. समीक्षा बैठकमा प्राप्त गुनासाहरुलाई समेत सम्बोधन गर्ने ।

ङ) **प्रतिवेदन:**

१. गाउँपालिकाले पारित गरेको आर्थिक कार्यविधी अनुसारको ढाँचामा आर्थिक प्रतिबेदन हरु मासिक रुपमा अख्तियार प्राप्त शाखा प्रमुखले तोकिएको कार्यालय वा निकायमा पठाउने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

२. भौतिक प्रगति प्रतिवेदन साधारणतया चौमासिक भुक्तान भएको ७ दिन भित्र अख्तियार प्राप्त शाखा प्रमुखले गाउँपालिकामा पठाउने व्यवस्था मिलाउने;

३. यसकालागि कृषि तथा पशुपंक्षी संग सम्बद्ध सबै सरोकारवाला बाट समय मै प्रतिवेदन संकलन गरी निश्चित फरम्याटमा राखि एकिकृत गरी गाउँपालिकाकोकार्यालयमा पठाउनु पर्ने भएकोले कृषि तथा पशुपंक्षी संग सम्बद्ध निकाय हरुले पनि आ-आफ्नो निकायको भौतिक प्रगति प्रतिवेदन समितिका सचिव वा शाखा प्रमुख समक्ष पठाउने; र

४. चौमासिक प्रतिवेदनमा भौतिक प्रगतिका साथै आय व्ययको समग्र स्थिति प्रस्तुत गरिने व्यवस्था गर्ने ।

## परिच्छेद ५.

**२४) रकम प्रवाह प्रकृया र कोष व्यवस्थापन(बजेट निकासा, आम्दानीका प्रमुख श्रोत, कोष व्यवस्थापन र संचालन)**

**१) खर्च गर्ने अख्तियारी र कार्यविधी:**

क) संघ र प्रदेश सरकारबाट गाउँकार्यपालिकामा सशर्त, बिशेष वा समपुरक अनुदानको रुपमा कृषि तथा पशुपंक्षी क्षेत्रको बजेट प्राप्त वा निकासा हुनेछ र गाउँकार्यपालिकाले पनि आफ्नो आय वा समानिकरण अनुदानबाट रकम थप गरी पठाउन सक्ने छ;

ख) बैदेशिक श्रोतको अनुदान, ऋण वा प्राविधिक सहायता अन्तर्गतको रकम समेत सशर्त रुपमा स्थानीय तहले निकासा पठाउने छ;

ग) यसरि कृषि तथा पशुपंक्षी क्षेत्रका लागि प्राप्त भएको रकम गाउँसभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र गाउँपालिकाको प्रमुखले सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने छन;

घ) प्रमुख प्रशासकीय अधिकृतले अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने गरी अख्तियारी दिइने व्यवस्था रहेकोले कृषि तथा पशुपंक्षी शाखाले पनि गाउँकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतले मागेको विवरण उपलब्ध गराई समयमै बजेट निकासा गराउने;

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ङ) कृषि तथा पशुपंक्षी शाखाले आफुलाई प्राप्त अख्तियारी र कार्यान्वयन मार्ग दर्शन सम्बन्धित समितिमा पेश गर्ने र कार्य जिम्मेवारी तालिका बमोजिम जिम्मेवार पदाधिकारीलाई कार्यक्रमको बाँडफाँट गरी खर्च गर्न गराउने निर्देशन दिनेछ;

च) कृषि तथा पशुपंक्षी कार्यक्रममा वस्तुगत सहायता तथा अनुदान समेत वितरण गर्नु पर्ने हुनाले कहाँ, कस्ले , कहिले र कसरी वितरण गरिने हो सोको बाँडफाँट समितिबाट गरी जिम्मेवारी किटान गरिने छ;

छ) अनुदान र सहुलियत वितरण सम्बन्धि छुट्टै कार्यविधि कार्यपालिकाबाट पारित गराई राख्नु पर्नेछ;

ज) प्राप्त वस्तुगत सहायता वितरण भन्दा अगाडि गुणस्तर यकीन गरी निश्चित भए पछिमात्र वितरणको ब्यवस्था मिलाइने छ;

झ) वस्तुगत सहायता अन्तर्गतको पकेटक्षेत्रहरु स्थानीय तहमै खरिद गर्नु पर्ने हो भने सार्वजनिक खरिद नियमावली **बमोजिम** खरिद योजनामा समाबेश गरी समयमै खरिदको ब्यवस्था मिलाइने छ;

ञ) स्थानीय किसानबाट खरिद गर्नु पर्ने हो भने गुणस्तरको यकिन गरी मात्र खरिद गरिने छ;

## परिच्छेद ६.

### २५) पारदर्शिता, जबावदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सूचनाको हक र सुशासनका औजार हरुको प्रयोग, गुनासो व्यवस्थापन

१. गाउँपालिकामा गरिने कृयाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शि, उत्तरदायी, जबाबदेहि र प्रभावकारी रुपमा नागरिक प्रति सम्बेदनशिल भइ संचालन गर्ने;
२. यसरी संचालन गर्दा नागरिकको व्यापक सहभागितामा संचालन गर्ने गराउने;
३. गाउँपालिकामा कार्यक्रम संचालन गर्दा सुशासनका मूलभूत मान्यता जस्तै कानूनको शासन, आर्थिक अनुशासन, मानव अधिकारको पूर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गर्दै कार्य गर्ने संस्कृति अबलम्बन गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

४. गाउँपालिकामा सुशासन कायम गर्ने गराउन समितिले विशेष पहल गर्ने छ र स्थानीय सरकारबाट कृषि तथा पशुपंक्षी कार्यक्रममा सुशासनको प्रत्याभुति दिलाउन असल शासनका निम्न मूल्य मान्यताको अबलम्बत्त गर्ने:

क) स्थानीय कृषि तथा पशुपंक्षी कार्यक्रममा सम्बद्ध सबै कर्मचारी र संघ, संस्था गाउँपालिका प्रति उत्तरदायी भइ कार्य गर्ने छन र तोकिएको जिम्मेवारी तोकिएको समयमा सम्पादन गरी जबाबदेही प्रशासन संचालन गर्ने ;

ख) गाउँपालिकामा र कृषि तथा पशुपंक्षी समिति बीच कार्य जिम्मेवारीको स्पष्ट बाँडफाँट कार्य विभाजन नियमावलीमा व्यवस्थागरी गराउनका साथै कृषि तथा पशुपंक्षी सम्बन्धि कार्यकालागि जिम्मेवार संस्थाको रुपमा यस समितिको विकास गरिने छ र समितिले पनि सम्बद्ध कार्यालयलाई कार्य जिम्मेवारी किटान गरी जिम्मेवार बनाउने;

ग) शाखा, उपशाखा र इकाई र सिकाइ केन्द्रले आफ्ना मातहतका कर्मचारीको कार्य विबरण(job description) तयार गरी तदनुसार जिम्मेवारी किटान गर्ने।

घ) कृषि तथा पशुपंक्षी सम्बद्ध सबै शाखा प्रमुख बीचमा कार्यसम्पादन करार गरिने छ र उक्त करारको संस्थागतरुपमा नियमित समीक्षा गर्ने गराउने ब्यवस्था मिलाउने;

ङ) कृषि तथा पशुपंक्षी सम्बद्ध सबै शाखा वा कार्यालयले आफ्नो शाखा उपलब्ध गराइने सेवा, सुविधा लाई निर्दिष्ट ढाँचामा नागरिक बडापत्रमा प्रकाशित गरि राख्ने ब्यवस्था गर्ने

च) विकास निर्माणका कार्यमा नागरिकको सहभागिता बृद्धि गराउन सहभागितात्मक समावेशी योजना प्रकृया अनिवार्य अवलम्बन गरिने छ र कार्य संचालन गर्दा नागरिकको संलग्नता र स्वामित्व प्राप्त हुने गरी गरिने छ। यसरी कार्य गर्दा विशेष गरेर अल्पसंख्यक, सिमान्तकृत वा साना किसान र महिला प्रति विशेष सम्बेदनशील रहने गरी कार्य ब्यवस्था मिलाउने;

छ) निश्चित रकम भन्दा माथिको विकास निर्माणकार्यमा सबै विवरण देखिने गरी योजना स्थल र सार्बजनिक स्थानमा सूचना पाटीको(होर्डिंग बोर्डको) व्यवस्था गर्ने;



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ज) नागरिकको गुनासो सुन्ने र संबोधन गर्ने संस्थागत संयन्त्र स्थापित गरी कृयाशिल गराइने छ, र हैलोसरकार र हटलाइन जस्ता व्यवस्था गाउँकार्यपालिकाले गर्न पहल गर्ने;

झ) सुशासनका औजार जस्तै सार्वजनिक/ सामाजिक परीक्षण, नागरिक सुनवाई, नागरिक पृष्ठपोषण प्रतिवेदन सम्बन्धित कार्यविधिमा तोकिएको समयमा गर्ने गराउने व्यवस्था मिलाउने;

ञ) नागरिक वा सर्वसाधारणकालागिआफ्नो आय-व्ययको विवरण सार्वजनिक गर्ने गराउने र कार्यालयको वेव-साइटमा समेत नियमित रुपमा राख्ने व्यवस्था मिलाउने;

ट) आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने र बेरुजुलाई समयमा नियमित, असूलउपर गरी फर्छ्यौट गर्ने गराउने ब्यवस्था गर्ने;

ठ) सार्वजनिक खरीद ऐन नियमावली बमोजिम खरिद कार्य गर्ने गराउने;

ड) आचार संहिता अनिवार्यरुपमा परिपालना गर्ने गराउने;

ढ) सूचनाको हक सम्बन्धि ऐनको पालना गरिने र बर्गिकृत बाहेकका सबै सूचना नागरिकको पहुँचमा पुरयाउने;

ण) बार्षिक कार्यक्रम, बजेट र चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन आमसंचार मार्फत सार्वजनिक गर्ने गराउने र कार्यालयको सूचना पाटी र वेब-साइटमा राख्ने;

त) निर्णय गर्दा कानूनसम्मत प्रकृया पुरयाईमात्र अख्तियारवालाले निर्णय लिने छ र निर्णयको बैधताका साथै सार्वजनिक नागरिकको ग्राह्यता समेत प्राप्त गरिने गरी कार्य गर्ने;

थ) विकास निर्माणका कार्यक्रम र योजना तथा सेवा प्रवाहलाई क्रमश: स्वीकृत कार्यतालिका र नागरिक बडापत्रमा तोकिएको समयमा सम्पन्न गर्ने गराउने;

द) भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाइने छ र कुनै पनि भ्रष्टाचार हुन नदिने वातावरण श्रृजना गर्ने गराउने;

ध) सबै पदाधिकारीले सम्पति विबरण समयमानै तोकिएको कार्यालयमा पेश गर्ने पद्धति अबलम्बन गर्ने;

न) अनुदान वा विउविजन वा सरकारी श्रोत वितरणको कार्यविधि स्वीकृत गराई मात्र बितरणको ब्यवस्था गुनासो नआउने गरी गर्ने गराइने छ र सम्भव भए



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

राजा वेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
१ न. प्रदेश नेपाल

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

सम्म विपन्न बर्ग र सीमान्त किसानलाई उपलब्ध हुने गरी कार्यविधीमा व्यवस्था गर्ने; र

त) वित्तीय जोखिम न्यूनिकरणका सबै उपाय अबलम्बन गर्ने ।

**२६) खारेजी र वचाउ:**

१. स्थानीय तहमा संचालित कृषि तथा पशुपंक्षी कार्यक्रम यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ; र

२. विगतमा जारी गरिएको स्थानीय कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन निर्देशिका खारेज गरिएको छ र त्यस बमोजिम भए गरेका काम, कार्वाहि यस कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

प्रमाणिकरण मिति: २०७५/०९/०५

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत